# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६५/४/१० गते शुक्रवार देखि २०६५/४/१६ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८४ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ४६२६ कारोवारबाट ८१ करोड ३३ लाख ६० हजार रुपैयाँ बराबरका ९ लाख ३६ हजार २ सय ५९ कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ८६.७० प्रतिशतले वृद्धि भएको हो । गत साता २९६६ शेयर कारोवारबाट ४३ करोड ५६ लाख ४५ हजार रुपैयाँ बराबरका ५ लाख ८ हजार ६ सय २३ कित्ता शेयरहरु खरीदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र ५१ करोड ६ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ६२.७८ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ५३.२१ अंकले वृद्धि भई अन्तिम दिन १०३४.०२ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | 1012.61 | 423.66 | 339.55 | 769.21 | 1232.04 | 204.08 | 830.39 | 1134.61 | 1371.88 | 980.81 | 259.35 |
| दोस्रो | 1014.07 | 423.66 | 339.55 | 769.21 | 1232.53 | 204.08 | 831.30 | 1140.79 | 1388.07 | 983.07 | 259.99 |
| तेस्रो | 1038.18 | 423.66 | 341.56 | 769.21 | 1230.05 | 204.08 | 831.30 | 1153.58 | 1422.11 | 1001.99 | 265.22 |
| चौथो | 1065.14 | 423.66 | 343.57 | 769.21 | 1221.18 | 204.08 | 819.13 | 1155.24 | 1430.62 | 1020.05 | 270.51 |
| पाँचौं | 1081.05 | 423.66 | 343.57 | 769.21 | 1249.45 | 200.31 | 813.58 | 1173.08 | 1434.39 | 1034.02 | 274.84 |
| परिवर्तन | 68.44 | 0.00 | 4.02 | 0.00 | 17.41 | -3.77 | -16.81 | 38.48 | 62.51 | 53.21 | 15.49 |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा १५.४९ अंकले वृद्धि भई २७४.८४ अंकमा आईपुगेको छ ।

यस साता पनि कारोबार रकम (१४ करोड ६६ लाख रुपैयाँ), शेयर संख्या (३ लाख १८ हजार) र कारोवार संख्या (३७८) तीन वटै आधारमा नेपाल क्रेडिट एण्ड कमर्स वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| 1 | नेपाल क्रेडिट एण्ड कमर्स वैंक | 146.69 |
| 2 | किष्ट मर्चेण्ट वैंक एण्ड फइनान्स | 68.09 |
| 3 | नेशनल हाइड्रो पावर कम्पनी | 55.07 |
| 4 | कष्मिक मर्चेन्ट फाइनान्स | 49.44 |
| 5 | नेपाल वंगलादेश वैंक | 27.78 |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।